जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०८ २०८१ साल चैत ७ गते बिहीबार (20 Mar. 2025 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मुआब्जा दिलाउने सहमतिपछि ... ३ पृष्ठमा : प्राथमिकताको आधारमा योजना ... ३ पृष्ठमा : अन्तरिक्षमा 'फसेका' ...

## आजदेखी एसइई सप्तरीबाट ८ हजार ७ सय १५ विद्यार्थी परीक्षामा सहभागी हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

आजदेखी संचालन हुने गइरहेको माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि सप्तरी जिल्लाबाट कुल ८ हजार ७ सय १५ विद्यार्थी सहभागी हुँदैछन् ।

जिल्लाका ९० सामुदायिक विद्यालय र ५२ संस्थागत विद्यालय गरि १ सय ४२ विद्यालयका विद्यार्थीहरु परीक्षामा सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख शशि यादवले जानकारी दिए ।

प्रमुख यादवका अनुसार साधारण तर्फबाट ७ हजार ८ सय ४८, प्राविधिकतर्फ ३ सय ९ र ग्रेडबृद्धि तर्फबाट ५ सय ५८ विद्यार्थी सहभागी हुदैछन् । उक्त संख्याको विद्यार्थीहरुका लागि ३७ वटा परीक्षा केन्द्र, ३७ केन्द्राध्यक्ष, ४७ जना सहायक केन्द्राध्यक्ष, ४ सय ३४ जना निरीक्षक, ६७ जना परीक्षा सहायक, ५ सय ५५ जना सुरक्षाकर्मी, १ सय ६२ जना कार्यालय सहयोगी गरि जम्मा १ हजार ३ सय २ जना कर्मचारी परीक्षामा खटिने प्रमुख यादवले जनाए ।

मधेस प्रदेशका आठ जिल्ला मध्ये सबैभन्दा कम सप्तरी जिल्लाबाट परीक्षामा विद्यार्थी सहभागी हुँदैछन् ।

मुलुकभर यस वर्षको परीक्षामा विद्यार्थीहरुको संख्या ५ लाख १४ हजार ७१ जना छन् । परीक्षाका लागि देशभर दुई हजार ७९ परीक्षा केन्द्र निर्धारण गरिएको छ । परीक्षामा एक सय ५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन् । परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराखिने जनाइएको छ ।

एसइई चैत ७ गतेदेखि सुरु भएर १९ गते सम्पन्न हुने भएको छ । परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन हुनेछ । परीक्षा तालिकानुसार पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ ।

चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरुका लागि अंग्रेजी ( इलेक्टिभ इङलिस) को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ । १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितियको परीक्षा सञ्चालन हुनेछ ।

लेटर ग्रेडिड प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्न तयारी गरिएको छ भने चैत १९ सम्म सञ्चालन परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । २०८० सालको एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी पास भएका थिए ।

## मविव क्याम्पसको स्ववियु अध्यक्षमा रंजित दोहोरिए

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन अध्यक्षमा रंजित कुमार यादव दोहोरिएका छन् ।

स्वतन्त्र उम्मेदवार विनय कुमार यादव (बालेन) लाई ६१ मतले पराजित गर्दै रंजित अध्यक्ष पदमा दोहोरिएका हुन् । अघिल्लो स्ववियुको निर्वाचनमा पनि समाजवादी विद्यार्थी युनियन नेपालको तर्फबाट उम्मेदवार रहेका रंजित यादव नै अध्यक्ष पद जितेका थिए ।

उनी समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल ( क्रान्तिकारी) गठबन्धनका साझा उम्मेदवार थिए ।

अघिल्लो दिन मंगलबार राती ९ बजे देखि शुरु भएको मतगणनाको प्रत्यक्षतर्फ पदाधिकारीहरुको अन्तिम परिणाम बुधवार विहान सार्वजनिक भएको हो ।

जसअनुसार अध्यक्ष पदमा रंजितले ३ सय ९३ मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार विनय कुमार यादवले ३ सय ३२ मत प्राप्त गरे ।



**रंजित कुमार यादव**
अध्यक्ष, स्वतन्त्र विद्यार्थी युनियन

अनेरास्ववियु र अशोकराई नेतृत्वको जसपा निकट समाजवादी विद्यार्थी युनियन गठबन्धनकी उम्मेदवार मनिषा कुमारी साह ३ सय ३१ मत प्राप्त गरि तेस्रो स्थानमा रहिन् ।

नेवि संघ र लोकतान्त्रिक विद्यार्थी संघ गठबन्धनका अध्यक्ष पदका उम्मेदवार नितिश कुमार यादव १ सय २ तथा जनमत विद्यार्थी संघका अध्यक्ष पदका उम्मेदवार त्रिवेणी कुमार यादवले ८२ मत प्राप्त गरे ।

त्यस्तै सचिव पदमा ३ सय ९५ मत ल्याई समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल क्रान्तिकारी गठबन्धनकै मुकेश कुमार साह र सर्वाधिक ४ सय १० मत ल्याई कोषाध्यक्ष पदमा कंचन कुमारी ठाकुर निर्वाचित भएकी छिन् ।

सात सदस्य पदका लागि भएको निर्वाचनमा समाजवादी विद्यार्थी युनियन नेपालका भुपेन कुमार राय, सिताकुमारी मंडल, पुजा कुमारी गुप्ता, अखिल क्रान्तिकारीका कन्चन कुमारी ठाकुर, जयकृष्ण कुमार यादव तथा अनेरास्ववियुका मनिता कुमारी यादव, प्रियंका चौधरी र राहुल देव मंडल निर्वाचित भएको निर्वाचन अधिकृत नन्दकिशोर यादवले जानकारी दिएका छन् । कूल २ हजार ७ सय ३१ मतदाता रहेको स्ववियु निर्वाचनमा १ हजार २ सय ७२ मत खसेको थियो ।

## प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड

काठमाडौं, ६ फागुन (रासस) । नेपाली कांग्रेसका सांसद विमलेन्द्र निधिले प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा उहाँले प्रदेश सरकारलाई अख्तियारी दिएर कानुन निर्माण नभएसम्म प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको सरुवा र पदस्थापनको अधिकार दिनुपर्ने बताउनुभयो ।

स्थानीय पालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरुवा र पदस्थापन गर्दा सूची बनाएर सम्बन्धित प्रदेशलाई अधिकार दिएमा काम गर्न सहज हुने उहाँको अभिमत थियो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) की नेत्री सुनिता बरालले सदमा नयाँ र पुराना दलबीच घोचपेच हुन नहुने विचार व्यक्त गर्नुभयो । उहाँले प्राविधिक र व्यावसायिक शिक्षा प्रणाली आजको आवश्यकता हो भन्नुभयो ।

## पच्चिस करोड नगद बरामद भएको घटनामा निष्पक्ष छानबिन गर्न माग

काठमाडौँ, ६ चैत (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले सोमबार काठमाडौँबाट करिब रु २५ करोड अवैध रकम बरामद भएको घटनामा गम्भीरतापूर्वक निष्पक्ष छानबिन गर्न माग गर्नुभएको छ ।

बैठकको आकस्मिक समयमा सांसद माधव सापकोटाले सोमबार राति ११ बजे काठमाडौँको टोखा नगरपालिका–२ झोरबाट नेपाल प्रहरीले करिब रु २५ करोड अवैध रकमसहित एउटा गाडी बरामद गरेको घटना उल्लेख गर्दै घटनाबारे गम्भीरतापूर्वक निष्पक्ष छानबिन गर्न माग गर्नुभयो ।

सोमबार राति ११ बजे उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीको टोलीले नगदसहित एक जनालाई पक्राउ गरेको थियो । काठमाडौँको झोर महाकाल क्षेत्रबाट ना १ ख १६५२ नम्बरको ट्रकबाट चालकसहित उक्त रकम बरामद गरिएको जनाइएको छ ।

सांसद सोपकोटाले भन्नुभयो, "डलर र यूरो गरेर करिब रु २५ करोड अवैध रकम बरामद भएको समाचार बाहिर आएको छ, यो घटनाले सिङ्गो देशलाई तरङ्गित बनाइरहेको छ । यो घटनाले सङ्गठित अपराध र तस्करीको जालो कुन स्तरसम्म झाङ्गिरहेको छ भन्ने प्रष्ट हुन्छ ।"

"हिजो मात्रै यूरो र डलर गरी रु २५ करोड बोकेको ट्रक बरामद भएको छ, के नेपाल तस्करहरूको 'ट्रान्जिट पोइन्ट' बनेको हो ?", सांसद रोशन

***बाँकी अन्तिम पृष्ठमा***

## रामनवमीमा सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

संघीय सरकारले रामनवमीका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । यही चैत ४ गतेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बुधबार सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन् ।

यसपटकको रामनवमी यही चैत २४ गते परेको छ ।

**क्षयरोगबाट बचौं र बचाऔं**

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

**क्षयरोगबाट बच्न:**

- धूम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाच्छ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वदेशमै रोजगारीको अवस्था कहिले सृजना हुने !

अहिले दिनहुँ नेपालबाट वैदेशिक रोजगारका लागि विदेशिनेहरुको संख्या बढ्दै गइरहेको छ । दैनिक रुपमा नेपालबाट सयौंको संख्यामा रोजगारीका लागि विदेशिनि गरेको तथ्याङ्कले देखाएको छ । एक तथ्याङ्क अनुसार विगत ६ महिनाको अवधीमा ५० लाख भन्दा बढी युवाहरु रोजगारीका लागि विदेश गएका छन् । सप्तरीबाट पनि सोही अवधीमा एक लाख भन्दा बढी विदेशीएका छन् । गरीबी र रोजगारीको अभावका कारण यसरी विदेशिनेहरुको संख्यामा दिनानुदिन वृद्धि हुँदै गएको हो ।

मुलुकमा रोजगारीको अवस्था नरहेकोले उनीहरु परिवार पाल्न र आर्थिक अवस्था सुदृढ गर्न विदेशिदै छन् । तर, यसरी रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार पुऱ्याउनु जरुरी छ । वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा नभएका होइनन् ।

विदेश पुगेर ठगिनुभन्दा स्वदेशमै रोजगारीको अवस्था सृजना गर्नेतर्फ सरकारको ध्यान पुग्नु आवश्यक छ । तसर्थ तीनै तहका सरकारले यसतर्फ गम्भिर रुपमा ठोस नीति बनाउनु पनि उत्तिकै आवश्यक छ । होइन भने युवा पलायनले देश निर्माणको काममा पनि वाधा पुग्ने निश्चित छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुआब्जा दिलाउने सहमतिपछि जलविद्युत् आयोजना पुन:सञ्चालनमा

खोटाङ, ६ चैत (रासस) ।

केपिलासगढी गाउँपालिकाका स्थानीयवासीले मुआब्जा माग गर्दै अवरुद्ध गराएको माथिल्लो रावाखोला जलविद्युत् आयोजना पुन: सञ्चालनमा आएको छ ।

निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण सङ्घर्ष समितिको नेतृत्वमा स्थानीयवासीले जलविद्युत् आयोजना बन्द गराएपछि केपिलासगढी गाउँपालिकाका प्रमुख समिर राईको पहलमा मङ्गलवार बसेको सर्वपक्षीय भेलाले ३५ दिनभित्र जग्गाधनीलाई मुआब्जा उपलब्ध गराउने सहमति गरेसँगै अवरुद्ध जलविद्युत् आयोजना पुन: सञ्चालनमा ल्याइएको हो ।

लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले सुङ्देल र दिप्सुङको सिमानामा रहेको रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको ड्याम (बाँध)बाट यही चैत ४ गते सोमबार दिउँसो खोलातर्फ पानी फर्काएर विद्युत् उत्पादन बन्द गराएका थिए । राष्ट्रिय प्रशारण लाइनमा जडान गरिएको जलविद्युत् आयोजनाले जग्गाधनीलाई मुआब्जा नदिएपछि स्थानीयवासीले आयोजना नै बन्द गराएको हो ।

सर्वपक्षीय भेलामा जग्गाधनी र जलविद्युत् आयोजना सञ्चालकबीच भएको सहमति कार्यान्वयनका लागि स्थानीय रत्नबहादुर राईको संयोजकत्वमा सात सदस्यीय समन्वय समितिसमेत गठन गरिएको गाउँपालिका प्रमुख राईले जानकारी दिनुभयो ।

रावाखोलामा रावा इनर्जी डेभलभमेन्ट कम्पनी लिमिटेड, हलेसी ऊर्जा कम्पनी लिमिटेड र लोवर मीड रावाखोला हाइड्रोइलेक्ट्रिक प्रोजेक्ट (आयोजना) ले फरक-फरक तीन वटा ठाउँमा जलविद्युत् आयोजना सञ्चालन गरेको छ । केपिलासगढी गाउँपालिका-४ बाक्सिला, सोही गाउँपालिकाको वडा नं.-६ दिप्सुङ र वडा नं.-७ सुङ्देलका स्थानीयले रावाखोलामा जलविद्युत् आयोजना सञ्चालन गर्ने तीन वटा जलविद्युत् कम्पनीबाट मुआब्जा नपाएको गुनासो गर्दै आएका छन् ।

जलविद्युत् आयोजनाको ट्रान्समिसन र पाइपलाइन विस्तारको क्रममा प्रयोग गरिएको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति स्थानीयवासीले नपाएपछि चरणवद्ध आन्दोलन सुरु गरिएको सङ्घर्ष समितिका संयोजक माइतीराज राईले बताउनुभएको छ ।

"रावाखोलामा सञ्चालित तीनवटै जलविद्युत् आयोजनाको कम्पनीले जग्गाधनीहरुलाई क्षतिपूर्ति दिएका छैनन्", उहाँले भन्नुभयो, "जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई जानकारी गराएका थियौं । अहिलेसम्म कुनै सुनुवाइ भएको थिएन । सर्वपक्षीय भेलामा ३५ दिनभित्र मुआब्जा उपलब्ध गराउने सहमति भएपछि पुन:सञ्चालनका लागि सहमत भएका हौं ।"

निर्माणाधीन अवस्थामा रहेको हलेसी ऊर्जा कम्पनी लिमिटेड जलविद्युत् आयोजनाको ट्रान्समिसनलाइनले बाक्सिलाका ३८ जनासहित ४९ जनाको जग्गा प्रयोग गरेको छ । यस्तै, पाइपलाइन विस्तारका क्रममा सुङ्देलका २४ जना, बाक्सिलाका दुई जना र दिप्सुङका एक जनाको गरी ३८ कित्ता जग्गा प्रयोग गरिएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युतको काम सम्पन्न भएपछि मुआब्जा दिने भन्दै ट्रान्समिसनको काम गरेको तर, हालसम्म मुआब्जा नदिएको जग्गा धनीको गुनासो छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सकिएपछि सबै जग्गाधनीलाई क्षतिपूर्ति दिने र क्षति पुगेको जग्गा कम्पनीको नाममा सार्ने गरी पाइपलाइनको काम सुरु गरेको थियो । तर, हालसम्म सो सहमति कार्यान्वयन नभएको सङ्घर्ष समितिका संयोजक राईले बताउनुभएको छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले खोलामा १० प्रतिशत पानी नछाडेको सङ्घर्ष समितिले जनाएको छ । २.५ मेगावाट विद्युत् उत्पादनको तयारी गरेको हलेसी ऊर्जा कम्पनी लिमिटेडले सर्वोच्चको आदेश विपरीत कृष्णमायाँ खत्रीको जग्गामा पाइपलाइनको काम गरिरहेको पाइएको छ ।

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेडले विद्युत् उत्पादनको प्रक्रिया पूरा नगरी छ कित्तामा रहेको ३८४ रोपनी सरकारी जग्गा प्रयोग गरेको सङ्घर्ष समितिले जनाएको छ । हलेसी ऊर्जाले सुङ्देलमा जलाशय र बाक्सिलामा पावर हाउस बनाएर विद्युत् उत्पादन गर्ने तयारी गरेको छ ।

सङ्घर्ष समितिले गत फागुन २७ गते जग्गाधनीलाई मुआब्जा तथा क्षतिपूर्ति दिनका लागि रावा इनर्जी डेभलपमेन्ट प्रालि र हलेसी ऊर्जा कम्पनी लिमिटेडको ध्यानाकर्षण गराएको थियो । गाउँपालिकाका सात वटै वडाका वडाध्यक्ष, राजनीतिक दलका प्रतिनिधि, जग्गाधनीसहित बसेको सर्वपक्षीय बैठकको निर्णयअनुसार सङ्घर्ष समितिले हाइड्रोपावर कम्पनीसँग जग्गाधनीका तर्फबाट माग राखेको हो ।

# स्वास्थ्यसम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश

काठमाडौं, ६ चैत (रासस) ।

प्रतिनिधिसभा बैठकमा सांसद डा सुनीलकुमार शर्माले स्वास्थ्य सेवा सुधार तथा सर्वसुलभ उपचारको सुनिश्चिततासम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपालका नागरिकहरूका लागि गुणस्तरीय स्वास्थ्य सेवा पहुँचयोग्य बनाउन आवश्यक नीति तथा कार्यक्रम लागू गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद डा शर्माले विशेषगरी, ग्रामीण भेगका नागरिकहरूलाई स्वास्थ्य सेवामा समान पहुँच दिन, स्वास्थ्य बीमाको दायरा बढाउन र सरकारी अस्पतालहरूको सेवा प्रभावकारी बनाउन ठोस उपाय आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

उक्त प्रस्तावमा स्वास्थ्य क्षेत्रमा वित्तीय लगानी वृद्धि, दूरदराजका क्षेत्रमा चिकित्सक र स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्थापन, औषधि आपूर्तिको प्रभावकारी प्रणाली र सर्वसुलभ उपचार सेवा सुनिश्चित गर्ने कानुनी संरचना तयार गर्नुपर्ने कुरामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरिएको छ ।

प्रस्तावमा स्वास्थ्य सेवा सुधारका गर्न स्वास्थ्य बीमाको पहुँच विस्तार गरी नेपालका सबै नागरिकलाई सरकारी स्वास्थ्य बीमाको दायरामा ल्याउने योजना, सरकारी अस्पताल सुधार-ग्रामीण तथा दुर्गम भेगमा रहेका अस्पतालहरूमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्नुपर्ने रहेको छ ।

त्यस्तै, नि:शुल्क आधारभूत उपचार-विपन्न नागरिकलाई प्रमुख रोगको नि:शुल्क उपचार उपलब्ध गराउने नीति हुनुपर्ने, औषधि आपूर्ति व्यवस्थापन-सरकारी अस्पतालहरूमा औषधि अभाव हटाई नियमित आपूर्ति सुनिश्चित गर्ने योजना रहेको प्रस्तावमा उल्लेख छ ।

निजी स्वास्थ्य संस्थासँग साझेदारी-सर्वसुलभ उपचारको लागि निजी अस्पतालहरूसँग सहकार्य गरी नागरिकलाई सेवा दिने प्रणाली विकास गर्ने उक्त प्रस्तावको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तावलाई विभिन्न दलका सांसदको समर्थन प्राप्त भएको छ । प्रस्तावलाई समर्थन गर्नेहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार, नेकपा (एकीकृत समाजवादी) का नेता मेटमणि चौधरी, नेकपा (माओवादी केन्द्र)का नेता छिरिङ डम्डुल लामा, जनता समाजवादी पार्टी (जसपा) की नेत्री रेखा यादव र दीपक कार्की, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, नेकपा (एमाले)का नेता अमर रायमाझी र जनता समाजवादी पार्टी नेत्री रन्जु झा, नेपाली कांग्रेसका राजेन्द्र बजगाई र देवप्रसाद तिमल्सिना रहनुभएको छ ।

सांसद डा शर्माले जनस्वास्थ्य सुधारमा सरकारले ध्यान दिनुपर्ने र स्वास्थ्य सेवा मौलिक हकअन्तर्गतपर्ने भएकाले सरकारको दायित्वको रूपमा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले उक्त प्रस्तावका विषयमा आमनागरिकको चासो बढिरहेको र योजनाहरू कार्यान्वयन भएमा लाखौं नागरिक स्वास्थ्य सेवामा सहज पहुँच पाउने आशा गरिएको स्पष्ट पार्नुभयो ।

। र सांसद डा शर्माले नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक पनि नेपालको ग्रामीण भेगमा नागरिकले उपभोग गर्न नपाएको र स्वास्थ्य बिमाबापत रु तीन हजार ५०० देखि पाँचहजारसम्म तिरेर स्वास्थ्य बिमा गरेका हुन्छन् । त्यो पैसाबापत पनि सरकारले पैसा दिन नसक्ने भनिरहेकोप्रति ध्यानाकर्षण गराउँदै स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सरकार जनताप्रति उत्तरदायी हुनुपर्नेमा जरूरी भएको उल्लेख गर्दै सरकारले मृगौला समस्या भएका रु पाँच लाख दिने भने पनि इच्छाएको एक/दुईवटा अस्पतालमा मात्र दिने गर्दा नागरिकलाई असहज भएको स्पष्ट पार्नुभयो । उहाँले हुल्ला, पूर्व वा पश्चिम सबै नागरिकले आफुले पायकपर्ने स्थानमा स्वास्थ्य उपचार गर्न पाउनुपर्नेप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सो प्रस्तावलाई समर्थन गर्ने सांसदहरू अमरेशकुमार सिंह, सन्तोष परियार, अमर रायमाझी, मेटमणि चौधरी, छिरिङ डम्डुल लामा भोटे, दीपक कार्की, रेखा यादव रहनुभएको छ ।

उक्त प्रस्तावमाथि छलफलमा सांसदहरू रामहरि खतिवडा, प्रतिक्षा तिवारी, देवप्रसाद तिमिल्सिना, अब्दुल खान, लक्ष्मी तिवारी, प्रेम सुवाल, सराज अहमद फारुकी,मनिष झा, अम्बरबहादुर थापा, रामकृष्ण यादव, नारायणप्रसाद आचार्य, हितबहादुर तामाङ, ठाकुरप्रसाद गैरे, अशोककुमार चौधरी, शिव नेपाली, बासुदेव घिमिरे, विन्दाबासिनी कंसाकार, डा चन्दा कार्की भण्डारी,मोहनबहादुर बस्नेत, तारा लामा तामाङ, रमा कोइराला पौडेल, रोशन कार्की, सञ्जयकुमार गौतम, प्रेमबहादुर महर्जन, सीताकुमारी राना, डा चन्द्रकान्त भण्डारीले स्वास्थ्यसम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव महत्त्वपूर्ण भएको धारणा राख्नुभएको थियो ।

# प्राथमिकताको आधारमा योजना छनोट गरिने

काठमाडौँ, ६ चैत (रासस)।

उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले आगामी योजना छनोट गर्दा प्राथमिकताको आधारमा मात्रै गरिने बताउनुभएको छ।

बुधबार सङ्घीय संसद राष्ट्रिय सभाअन्तर्गत सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २६९औँ बैठकमा बोल्दै उहाँले भन्नुभयो, "सरकार परिवर्तन भइरहन्छ। जुन मन्त्री आउँछन् आफ्नै क्षेत्रमा मात्रै योजना पार्न चाहन्छन्। पहुँचको आधारमा योजना बनाउने होइन, अब प्राथमिकता हेरेर मात्रै योजना छनोट गरिन्छ।"

छलफलको क्रममा उहाँले वागमती, धोवीखोला, बिष्णुमतीलगायतका उपत्यकाका नदी प्रदुषणले नदीको सौन्दर्यता बिगारेकाले नदी सुधार आयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउने बताउनुभयो।

छलफलमा मन्त्रालयका निमित्त सचिव पदमकुमार मैनालीले मन्त्रालयको प्रगति विवरण प्रस्तुत गर्दै हालसम्म ८३ हजार ५२० लाभग्राहीको आवासलाई जस्तापाताको छानाले प्रतिस्थापन गरिएकामा आव ०८०/८१ मा मात्र ३१ हजार ५२० लाभग्राहीको कार्य सम्पन्न भएको जानकारी गराउनुभयो।

"२ वटा जग्गा एकीकरण आयोजना (खुर्कोट र चौरजहारी) को जग्गा प्राप्ति भएको, बसन्तपुर जग्गा एकीकरण आयोजनाको सहमति भइ पूर्वाधार निर्माण अगाडि बढेको छ," उहाँले भन्नुभयो, "नयाँ शहर आयोजना कार्यालय बसन्तपुर र भेरीगंगाको भवन निर्माण सुरू भएको छ भने अन्य ४ वटाको तल्ला थप भएको र चौरजहारी बहुउद्देश्यीय सभाहल निर्माण भइरहेको छ।"

उहाँका अनुसार क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत शुक्लाफाँटा, गोदावरी र धनगढी नगरपालिकामा स्थानीय तहको समेत समन्वयमा फोहरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन भइरहेको छ। यसैगरी बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट दीर्घकालिन रूपमा फोहोरमैला व्यवस्थापन गर्न सकिने गरी निर्माण भइ फोहोर विसर्जन सुरू भइसकेको मैनालीले जानकारी दिनुभयो।

"यसैगरी सङ्घीय संसद भवनको भौतिक प्रगति ८१ प्रतिशत सम्पन्न भएको छ। सिंहदरवार पश्चिम, बबरमहल, केशरमहल भवन प्रवलिकरण भएको छ," उहाँले भन्नुभयो, "आव ०८०/८१ मा निर्माण सम्पन्न भएका सभाहलहरू मध्ये कालिकास्थान-रसुवा सौराहा सभाहल-चितवन, दमौली-तनहुँ, महेन्द्र नारायण निधि-धनुषा रहेका छन्। बाँकी पाँच वटा निर्माणको चरणमा छन्।"

मैनालीका अनुसार १० वटा नयाँ शहर मध्ये आठ वटामा जग्गा विकासको कार्य अगाडी बढेको र बसपार्क हाटबजार सार्वजनिक पार्कलगायतका विभिन्न पूर्वाधार निर्माण भएका छन्। समितिका सभापति मायाप्रसाद शर्माले आवश्यकताका आधारमा योजना बनाउन र बनेका योजनाका प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयलाई सुझाव दिनुभयो।

समितिमा नरबहादुर बिष्टले जनता आवास कार्यक्रमलाई राष्ट्रिय गौरवको आयोजनाको

***बाँकी अन्तिम पृष्ठमा***


**सहकारी ऐन २०४८ अन्तर्गत स्थापित**
**सहकारी बिभाग दर्ता न.१२०।०५७५८**

## जनमुखी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**राजविराज–४, सप्तरी**

मिति : २०८१/१२/०७

## कर्जा चुक्ता गर्न आउन बारे ३५ दिने अत्यन्त जरुरी सुचना।

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋणको साँवा र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने सुचना प्रकाशित गरिएको छ। उक्त सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज, हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला। यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरि ऋण रकम, ब्याज, हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाईबाट असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

<table>
<tr><th>सि.नं.</th><th>ऋणी सदस्यको विवरण</th><th>ठेगाना</th><th>धितो विवरण</th></tr>
<tr><td>१.</td><td>श्री देव कुमारी चौधरी<br>पति : श्याम कुमार चौधरी<br>बुवा : धोती चौधरी<br>ससुरा : मिठुलाल चौधरी</td><td>जिल्ला सप्तरी,<br>साबिक न.पा.डाकनेश्वरी –१०<br>हाल न.पा. शम्भुनाथ –१२<br>अर्नाहा</td><td>जिल्ला सप्तरी, गा.वि.स.अर्नाहा वडा नं.३ स्थित किता नं.८४७ को क्षेत्रफल ०–२–१६ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>२.</td><td>श्री देवराम यादव<br>बुवा : गुलटेन यादव<br>बाजे : फतुली यादव</td><td>जिल्ला सप्तरी,<br>साविक, गा.वि.स. बक्धुवा,<br>वडा नं.४,<br>हाल , गा.पा. अग्नीसाईर कृष्णासबरन वडा नं.५</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं.४, स्थित किता नं. ६६६ को क्षेत्रफल ०–२–१४, वडा नं.३ स्थित किता नं. ९७२ को क्षेत्रफल ०–३–१७, किता नं. २९५ को क्षेत्रफल ०–३–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>३.</td><td>श्री जहिदा खातुन<br>पति : ईस्लाम मियाँ<br>बुवा : जलिल मियाँ<br>ससुरा : अब्दुल मियाँ</td><td>जिल्ला सप्तरी,<br>न.पा. राजबिराज<br>वडा नं.१०, हाल वडा नं.१</td><td>जिल्ला सप्तरी, गा.वि.स. चनौरा पडरियाको वडा नं.७ को किता नं. ५५३ को क्षेत्रफल ०–०–१२.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>४.</td><td>श्री रघुबती यादव<br>पति :–टिरु यादव<br>बुवा :– मुंगा लाल यादव<br>ससुरा :– पंची यादव</td><td>जिल्ला सप्तरी,<br>साबिक गा.वि.स. कंचनपुर<br>वडा नं.९,<br>हाल कंचनरुप न.पा.<br>वडा नं.८</td><td>जिल्ला सप्तरी, गा.वि.स. कंचनपुर वडा नं. ९ ख, स्थित किता नं. २५१ को क्षेत्रफल ०–०–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>५.</td><td>श्री जमाहीर साह तेली<br>बुवा :– राम सेबक साह तेली<br>बाजे :– प्यारे साह तेली</td><td>जिल्ला सप्तरी<br>न.पा. राजबिराज<br>वडा नं.१, हाल ७</td><td>जिल्ला सप्तरी, गा.वि.स. नकटी रायपुर वडा नं. ८ घ, स्थित किता नं. ४०५ को क्षेत्रफल ०–८–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>६.</td><td>श्री शम्भु प्रसाद साह सोनार<br>बुवा :– हरिहर प्रसाद साह सोनार<br>बाजे :– जानकी साह</td><td>जिल्ला सप्तरी,<br>साबिक गा.वि.स. को. बर्साईन<br>वडा नं.९,<br>हाल गा.पा. तिलाठी कोईलाडी<br>वडा नं.५</td><td>जिल्ला सप्तरी, गा.वि.स. को. बर्साईन वडा नं. ७, स्थित किता नं. ६७० को क्षेत्रफल ०–१–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>७.</td><td>श्री तेज कुमार राय अमात<br>बुवा :– सकल देव राय अमात<br>बाजे :– डोमी राय अमात</td><td>जिल्ला सप्तरी ,<br>साबिक गा.वि.स. बक्धुवा<br>वडा नं.२<br>हाल गा.पा. अग्नीसाईर कृष्णासबरन<br>वडा नं.५</td><td><table>
<tr><th>क.सं.</th><th>जिल्ला</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>किता नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>१</td><td>सप्तरी</td><td>बक्धुवा</td><td>२क</td><td>१२११</td><td>०–२–३</td></tr>
<tr><td>२</td><td>सप्तरी</td><td>बक्धुवा</td><td>२क</td><td>११९७</td><td>०–०–१२</td></tr>
<tr><td>३</td><td>सप्तरी</td><td>बक्धुवा</td><td>२क</td><td>१२०८</td><td>०–०–१०.५</td></tr>
<tr><td>४</td><td>सप्तरी</td><td>बक्धुवा</td><td>२क</td><td>१२०२</td><td>०–३–४.२५</td></tr>
<tr><td>५</td><td>सप्तरी</td><td>बक्धुवा</td><td>२क</td><td>१२०५</td><td>०–४–१९.५</td></tr>
</table>
उल्लेखित भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
<tr><td>८.</td><td>श्री दुर्गा देवी<br>पति : अच्युतानन्द झा<br>बुवा : खुशिलाल झा<br>ससुरा : चन्द्रशेखर झा</td><td>जिल्ला सप्तरी,<br>साबिक गा.वि.स. बनैनिया<br>वडा नं. १<br>हाल गा.पा. राजगड<br>वडा नं.२</td><td>जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. ५क, स्थित किता नं. २८९० को क्षेत्रफल ०–०–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।</td></tr>
</table>


## विश्व समाचार

### अन्तरिक्षमा 'फसेका' यात्री पृथ्वीमा फर्किए

वासिङ्टन, ६ चैत (रासस/एएफपी)।

अन्तरिक्षमा नौ महिनाको अनपेक्षित बसाइपछि नासाका एक जोडी अन्तरिक्ष यात्री अमरिकी समय अनुसार मङ्गलबार साँझ पृथ्वीमा फर्किएका हुन्। अन्तरिक्षको आठ महिनाको बसाईपछि विल्मोर र सुनी विलियम्स पृथ्वीमा फर्किएका हन्। विल्मोर र विलियम्सलाई लिएर अमेरिकी अन्तरिक्ष यात्री निक हेग र रुसी अन्तरिक्ष यात्री अलेक्जेन्डर गोर्बुनोभ स्पेसएक्स अन्तरिक्षयानमा अमेरिकाको फ्लोरिडा तटमा मङ्गलबार साँझ ५:५७ बजे अवतरण गरेका हुन्। चालक दलका बाँकी सदस्यसँग अन्तिम बिदाइ र आलिङ्गनपछि अन्तरिक्षबाट बिदा भएका उनीहरू करिब १७ घण्टापछि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनबाट छुटेका थिए। अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सको रकेट १० यात्रीसहित आइतबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा पुगेको थियो भने उक्त समूहमा गएका आठ अन्तरिक्ष यात्री नासाको विशेष मिसनका लागि अन्तरिक्षमा नै रही अनुसन्धान जारी राख्नेछन्।

यो लगभग छ महिनाको अन्तरिक्ष यात्रीहरूको लागि मानक आईएसएस रोटेशन भन्दा धेरै लामो भएको छ तर यो सन् २०२३ मा नासाका अन्तरिक्ष यात्री फ्रान्क रुबियोले बनाएको ३७१ दिनको अमेरिकी अन्तरिक्ष रेकर्ड वा मिर अन्तरिक्ष स्टेशनमा लगातार ४३७ दिन बिताएका रुसी अन्तरिक्ष यात्री भ्यालेरी पोल्याकोभको विश्व रेकर्डभन्दा छोटो हो। नासाको अन्तरिक्ष सञ्चालन मिसन डाइरेक्टर्सका डेपुटी एसोसिएट एडमिनिस्ट्रेटर जोएल मोन्टाल्बानोका अनुसार सुनी र बुचले ९०० घण्टा आईएसएसमा अनुसन्धान गर्नुका साथै १५० भन्दा बढी वैज्ञानिक प्रयोग गरेका थिए। उहाँले नासाका अन्तरिक्ष यात्रीहरूको प्रयोगलाई 'राष्ट्रका लागि फाइदाजनक' भन्दै यस दशकको अन्त्यसम्ममा मङ्गल ग्रहमा मानव अवतरण गर्ने नासाको लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

### इजरायली आक्रमणमा परी गाजामा १३ सर्वसाधारणको मृत्यु

गाजा सिटी, ६ चैत (रासस/एएफपी)।

बुधबार मध्यरातदेखि प्यालेस्टिनी भूभागमा भएको इजरायली हवाई आक्रमणमा परी कम्तीमा १३ जना सर्वसाधारणको मृत्यु भएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको छ। निकायका प्रवक्ता महमुद बासलले एएफपीसँग भन्नुभयो, "इजरायलले बुधबार 'धेरै हवाई आक्रमण' गरेको छ। आक्रमणका कारण खान युनेस र गाजा शहरमा १३ जनाको मृत्यु हुनुका साथै महिला र बालबालिकासहित दर्जनौं घाइते भएका छन्।" गत जनवरी १९ मा प्यालेस्टिनी लडाकु हमास र प्यालेस्टिनी लडाकू हमासबीच भएको युद्धविरामपछि इजरायलले गाजा पट्टीमा मङ्गलबार र बुधबार सबैभन्दा धेरै आक्रमण गरेको छ। युद्धविराम लम्ब्याउने विषयमा भएको वार्ता विफल भएपछि भएको हवाइ आक्रमणमा ४०० भन्दा बढी व्यक्तिको मृत्यु भएको हमासद्वारा सञ्चालित गाजा क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले मङ्गलबार राति चेतावनी दिँदै आक्रमण 'सुरुवात मात्र भएको' र भविष्यमा हमाससँगको वार्ता 'युद्ध कै बीचमा मात्र हुने' चेतावनी दिनुभएको छ।

"हमासले विगत २४ घण्टामा हाम्रो हाम्रो शक्ति महसुस गरिसकेको छ र म तपाईंहरूलाई वचन दिन चाहन्छु यो केवल सुरुवात मात्र हो," उहाँले एक भिडियो वक्तव्यमा भन्नुभयो। नेतन्याहूको कार्यालयले बुधबार बिहानै इजरायली सरकारले अति दक्षिणपन्थी राजनीतिज्ञ इतामार बेन गिभरलाई राष्ट्रिय सुरक्षा मन्त्रीमा पुन: नियुक्त गर्ने उहाँको प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गरेको जनाएको छ। बेन गिभरले जनवरी १९ मा भएको युद्धविराम सम्झौताको विरोधमा राजीनामा दिनुभएको थियो। यसलाई उहाँको यहूदी शक्ति पार्टीले 'हमाससँगको आत्मसमर्पण' भनेको थियो। इजरायलले सन् २०२३ को अक्टोबरमा इजरायलमाथि भएको आक्रमणका क्रममा प्यालेस्टाइनी लडाकूले कब्जामा लिएका सबै बन्धकलाई फिर्ता नगरेसम्म लडाइँ जारी राख्ने प्रतिबद्धता जनाएको छ। हमासले अहिलेसम्म सैन्य प्रतिक्रिया जनाएको छैन, तर एक वक्तव्यजारी गर्दै उसले मित्र राष्ट्रहरूलाई आफ्नो सहयोगी इजरायलको आक्रमण अन्त्य गर्न संयुक्त राज्य अमेरिकालाई 'दबाब' दिन आग्रह गरेको छ।

### भूमध्यसागरमा डुङ्गा डुब्दा ६ जनाको मृत्यु, ४० बेपत्ता : राष्ट्रसंघ

रोम, ६ चैत (रासस/एएफपी)।

भूमध्यसागरमा एक आप्रवासी डुङ्गा दुर्घटनामा छ जनाको मृत्यु र ४० जना बेपत्ता भएको संयुक्त राष्ट्रसङ्घले बुधबार जनाएको छ। इटालीको मिडियाले लामपेडुसा टापु नजिकै डुङ्गा डुबेको रिपोर्ट गरेको छ। "भूमध्यसागरमा नयाँ डुङ्गा दुर्घटनामा अझै धेरैको मृत्यु भएको छ", ट्युनिसियाबाट सोमबार ५६ जना बोकेर निस्केको डुङ्गा डुबेको उल्लेख गर्दै युएनएचसिआरका इटालीका प्रतिनिधि चियारा कार्डोलेट्टीले एक्समा भन्नुभयो, "केही घण्टाको यात्रापछि डुङ्गा बिग्रन र पानी लिन थाल्यो। छ वटा शव निकालिएको छ, ४० जना हराइरहेका छन्।" इटालीका मिडिया रिपोर्टहरू अनुसार इटालीको तटरक्षक र वित्तीय प्रहरीले लाम्पिओन नामक सानो चट्टानी टापुबाट छ पुरुष र चार महिलासहित १० जनालाई सुरक्षित निकालेका थिए।

उद्धार गरिएकाहरूले जहाज छोड्दा ५६ जना सवार रहेको तर क्षेत्रबाट केवल छ वटा शव - सबै पुरुष - मात्र भेटिएको बताएका छन्। एजिआई समाचार एजेन्सीका अनुसार बाँचेका व्यक्तिहरूले बेपत्ता भएका मध्ये केही समुद्रमा खसेको बताएका छन्। आप्रवासीहरू आइभोरी कोस्ट, माली, गाम्बिया र क्यामरुनका थिए। आप्रवासीहरूलाई उद्धार गरेपछि ट्युनिसियाको स्फ्याक्सबाट धातुको डुङ्गामा यात्रा गरेपछि ४० जना आप्रवासीको छुट्टै समूह लम्पेडुसामा अवतरण गरेको एएनएसए समाचार एजेन्सीले जनाएको छ। मङ्गलबार लामपेडुसामा कुल दुई सय १३ आप्रवासीसहित पाँचवटा अवतरण भएका थिए। यसले टापुको स्वागत केन्द्रमा रहेका मानिसहरूको कुल सङ्ख्या दुई सय ३० पुगेको छ। इटालीको गृह मन्त्रालयका अनुसार यो वर्ष अहिलेसम्म आठ हजार सात सय ४३ आप्रवासी इटाली आइपुगेका छन्। यो गत वर्षको यही अवधिमा आइपुगेका सङ्ख्याभन्दा केही बढी हो।

# महाराजगंज चिकित्सा क्याम्पसमा नेवि संघका विवेक प्यानलसहित बिजयी



**दैनिक समाचारदाता**
**काठमाडौं, ६ चैत ।**

महाराजगंज चिकित्सा क्याम्पसको स्ववियु अध्यक्षमा नेपाल विद्यार्थी संघका विवेक कुमार यादव प्यानलसहित निर्वाचित भएका छन् ।

यादव ८ सय ४१ मत प्राप्त गरि बिजयी हुँदा उनका निकटत्तम प्रतिद्वन्दी अनेरास्ववियका उम्मेदवार पंकज गुप्ताले ७ सय ४ मत प्राप्त गरे ।

अन्य पदाधिकारी र सदस्यमा समेत नेवि संघको पुरै प्यानल निर्वाचित भएको छ । निर्वाचन अधिकृत प्रा.डा. निर्जु रन्जितका अनुसार सचिव र कोषाध्यक्ष पदमा सोही प्यानलका क्रमश: याशिका यादव (८२५) र सागर चौलागाई (८६९) मत ल्याई निर्वाचित भएका छन् ।

सातवटै सदस्य पदमा समेत नेवि संघका केशवराज अर्याल, सृजना कुमारी शाही, धनुष न्यौपाने, राजु कापर, निर्जल भण्डारी, नवीन जोशी र तरन्नुम खातुन निर्वाचित भएका छन् ।

स्ववियु निर्वाचनमा १ सय ६ सय ७१ मतदाता मध्ये १ हजार ५ सय ९८ जना विद्यार्थी सहभागि भई मतदान गरेको निर्वाचन अधिकृत रन्जितले जानकारी दिएका छन् ।

# मुख्यमन्त्रीको कार्यशैली सुशासन विरोधी

**दैनिक समाचारदाता**
**जनकपुर, ६ चैत ।**

नेपाली कांग्रेस मधेस प्रदेश प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको कार्यशैली सुशासन विरोधी रहेको आरोप लगाएका छन् ।

मुख्यमन्त्री सिंहको क्रियाकलाप सुशासन विरोधी रहेकाले उनले अविलम्ब नैतिकताको आधारमा राजीनामा दिनुपर्ने गुप्ताले बुधबार बताए ।

केन्द्र सरकार र प्रदेश बिच चलिरहेको विवादको बेला एसईई परीक्षाको पूर्व सन्ध्यामा मुख्यमन्त्री गैरजिम्मेवार बनेको समेत उनको भनाइ थियो । यसअघि मुख्यमन्त्री सिंहले चैत ७ गतेबाट सुरु हुने एसईईमा प्रदेश सरकार सहभागी नहुने बताए थिए ।

यस विषयमा गुप्ताले मधेस शिक्षाको दृष्टिकोणबाट अत्यन्तै पछाडि परेको अवस्थामा मुख्यमन्त्री जस्ता व्यक्तिबाट यस्ता किसिमको हर्करतबाट मधेस सरकारको गरिमा माथि आँच पुऱ्याउने कार्य भएको दाबी गरे ।

# बैंकिङ कसुर तथा सजाय विधेयक, २०८० राष्ट्रियसभाबाट पारित

काठमाडौँ, ६ चैत (रासस) ।

राष्ट्रियसभाले 'विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट प्राप्त बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०' पारित गरेको छ ।

राष्ट्रियसभाको बुधबारको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको सो विधेयक सभामा सर्वसम्मतिले पारित गरेको हो ।

राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशहरू सभासमक्ष टेबुल गर्नुभएको छ ।

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा सभासमक्ष जानकारी गराउनुभएको थियो ।

# राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणका लागि कानून संशोधन गरिने

काठमाडौँ, ६ चैत (रासस) ।

सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी सर्वोच्च अदालतले गरेको फैसलालाई समयानुकूल कानुन संशोधन गरी अगाडि बढ्ने जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको सरोकारवालाको बैठकले वातावरण र विकासलाई सँगसँगै बढाउन बाधक कानुनलाई समयानुकूल संशोधन गर्दै अगाडि बढ्ने निर्णय गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, मुख्यसचिव एकनारायण अर्याल र सम्बन्धित मन्त्रालयका सचिवसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको हो ।

# चैत ६ गतेदेखि शुक्र अस्त, के गर्नुहुन्छ ? के गर्नु हुँदैन ?

काठमाडौँ, ६ चैत (रासस) ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले बुधबारदेखि शुक्र अस्त हुने जनाएको छ । चैत ६ गते बुधबार राति ७:२५ बजेदेखि पश्चिममा अस्त हुने शुक्र यही चैत १० गते आइतबार दिउँसो १:१७ बजे पूर्वमा उदय हुने समितिले जनाएको छ ।

यस अवधिमा विशेष कार्य जस्तै विवाह, सप्ताह, नवाह, लाख बत्ती प्रज्वलन, उत्सवलगायतका कार्य गर्न नहुने जनाइएको छ । तर नित्यकर्म, पूजापाठ, जप, हवन, तर्पण, नित्य दान आदि नैमित्तिक कम, न्वारन, पास्नी, श्राद्ध, मासिक काम भने गर्न हुन्छ । काम्य कर्म विवाह, सप्ताह, नवाह, लाख बत्ती प्रज्वलन, उत्सव आदि गर्नु हुँदैन ।

शास्त्रीय मान्यताअनुसार बृहस्पति देवताका गुरु हुन् भने दैत्यका गुरु शुक्राचार्य हुन् । हिन्दुधर्म अनुसार प्रत्येक वर्ष शुक्र र बृहस्पति अस्त हुने सनातन विद्वत् परिषद् नेपालका सदस्य पण्डित बालमुकुन्द देवकोटा बताउनुहुन्छ । वर्षको एक समयमा घुम्दै जाने क्रममा शुक्र ग्रह पृथ्वी नजिक पुगेपछि सूर्यको प्रकाशले शुक्र ग्रहको प्रकाशलाई ओझेलमा पार्नुलाई शुक्र अस्त भनिन्छ ।

ज्योतिषीय मान्यताअनुसार शुक्र अस्त हुने डेढ दिनअघि र उदाएको डेढ दिनसम्म विभिन्न धार्मिक क्रियाकलाप गर्नु हुँदैन । धार्मिक मान्यताअनुसार नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका कर्म हुन्छन् । नित्य कर्ममा स्नान, ध्यान, जपतप, पूजापाठ आदि कर्म पर्दछन् ।

नैमित्तिक कार्यमा बच्चाको न्वारान, पास्नी, मृत्यु संस्कार तथा श्राद्ध, मासिक तर्पण, जन्मोत्सव जस्ता कर्म पर्दछन् । काम्य कर्ममा जुराएर र हेराएर गर्ने प्रकृतिका कार्य जस्तै नयाँ गृह निर्माण आरम्भ, नवगृह प्रवेश, नयाँ व्रतको आरम्भ, नयाँ मन्दिर निर्माण, मूर्ति स्थापना, सप्ताह, नवाहआदि अनुष्ठान र व्रतबन्ध-विवाह आदि संस्कारहरू पर्दछन् ।

प्रत्येक काम्य कर्मका फलदाता नै गुरु र शुक्र हुन् । वृहस्पति र शुक्र अस्त भएका बेलामा पोखरी इनार खन्न, मन्दिर बनाउन, पहिलो पटक कपाल क्षौर गर्न, तीर्थ यात्रामा जान, देव प्रतिष्ठा गर्न, कान छेदन गर्न, व्रतबन्ध, विवाह गर्न, दिक्षा दिन, मन्त्र सुन्न काम्योद्देश्यले वृषोत्सर्ग गर्न पनि नमिल्ने जनाइएको छ ।

साथै बगैँचा कुवाको निर्माण, गृहारम्भ, चान्द्रायण व्रत, तुलादान, व्रतको सुरु र समापन, विद्यारम्भ संस्कार, कहिल्लै नगरिएको देवताको दर्शन, अग्निहोत्र, सप्ताह पुराण, देव स्थापन, प्राण प्रतिष्ठा, सन्यास ग्रहण, राजाको दर्शन, राजाभिषेक, यात्रा, विशेष परीक्षा आदि कर्मलाई शास्त्रले निषेध गरेको छ ।

शुक्रको दशा चलिरहेका व्यक्तिलाई शुक्रले जुन फल जति प्रदान गर्नुपर्ने हो सो प्राप्त नहुनसक्ने स्थिति पनि रहन्छ । अस्त भएको वेलामा शुक्र निर्वल हुने हुँदा विवाह, व्रतबन्ध आदि शुभकर्म गर्नु हुँदैन भनी शास्त्रले निर्देश गरेको छ । कुवा, बगैँचा, गृहारम्भ, गृहप्रवेश, देवताको मूर्ति प्राण प्रतिष्ठा, व्रत प्रतिष्ठा, व्रतको आरम्भ, वधूप्रवेश, महादान, सोम यज्ञ, अष्टका श्राद्ध, गोदान (केशान्तककर्म), नवान्न भक्षण, प्रथमपटक उपाकर्म, वेदव्रत, काम्य वृषोत्सर्ग, देवताको प्रतिष्ठा, दीक्षा मन्त्र ग्रहण, व्रतबन्ध, विवाह, मुण्डन, पहिलो पटक तीर्थ यात्रा, सन्यास ग्रहण, राजाको दर्शन, राजाभिषेक, यात्रा, विशेष परीक्षा आदि कुरा त्याज्य बताईएको छ ।

यसैगरी यस अवसरमा गयाश्राद्ध र गोदावरीको यात्रा भने गर्दा हुन्छ भन्ने वायुपुराणले बताएको छ ।

*न त्यक्तव्यं गयाश्राद्धं सिंहस्थे च वृहस्पतौ ।*
*अधिमासे सिंहगुरावस्ते च गुरुशुक्रयो: ।*
*तीर्थयात्रा न कर्तव्या गयां गोदावरीं विना ॥*

अर्थात् गुरु शुक्रको अस्तमा गयाश्राद्ध र गोदावरी यात्राबाहेक अन्य यात्रा नगर्नू भनिएको छ । यस अवसरमा अनिष्टफल भोग्नुपर्ने कुरा मुहूर्तचिन्तामणि पीयूषधारा टीकामा उल्लेख गरिएको छ ।

यसैगरी नित्य कर्मअन्तर्गत पर्ने श्राद्ध, वार्षिकी, लिँदै आएका व्रत उपासना पनि रोकिँदैनन् । यसैगरी नैमित्तिक कर्मअन्तर्गत आइपर्ने नामकरण, और्ध्वदेहिक कर्म, अत्यावश्यक कर्म, ग्रहशान्ति, रोग शान्ति आदि कर्म गर्न सकिन्छ । शान्ति कर्मका निम्ति पनि छुट दिएको पाइन्छ ।

### प्राथमिकताको ...

रूपमा अगाडि बढाउन सुझाव दिनुभयो । यसैगरी सांसद सुमित्रा बिसीले संसद भवनको कार्य छिटो सम्पन्न गर्न सुझाव दिनुभयो । सांसद गोदेवी तिमिल्सेनाले विपद्मैत्री पूर्वाधार निर्माणमा जोड दिनुभयो ।

सांसद मदनकुमारी शाहले वातावरणमैत्री नयाँ पूर्वाधार निर्माण हुनुपर्ने बताउनुभयो । सांसदहरू श्रीकृष्णप्रसाद अधिकारी र युवराज शर्माले प्रभावकारी रूपमा योजना सम्पन्न गर्न सुझाव दिनुभयो ।

### पच्चिस करोड ...

कार्कीले प्रश्न गर्नुभयो । उहाँले दिनप्रतिदिन तस्करहरूको जालोमा मुलुक फसिरहेको भन्दै उक्त जालो भत्काउन अपराधसम्बन्धी घटनामा निष्पक्ष भएर छानबिन गर्न माग गर्नुभयो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*